नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (वातावरण तथा विपद व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ।

फोननं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.:-२०७५/७६
च.नं.:- ३६८

मिति :२०७५/१२/२६

विषय: निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)

गृह मन्त्रालयको च.नं.२९० मिति २०७५/१२/२४ को पत्रानुसार मिति २०७५/१२/२२ गते गृहमन्त्रिज्युको अध्यक्षतामा बसेको विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन कार्यकारी समितिको निर्णय कार्यान्वयन गरिदिनु भनि लेखि आएकोले सो बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ।

(रिनु थपलिया )
शाखा अधिकृत

बोधार्थ
श्री गृह मन्त्रालय ,सिंहदरबार काठमाडौं ।
श्री सूचना तथा बिद्युतीय शासन शाखा : यसै बमोजिमको पत्र वेभसाईटमा राखि दिन हुन

नेपाल सरकार
# गृह मन्त्रालय
विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा
(राष्ट्रिय आपतकालीन कार्य संचालन केन्द्र)

फोन नं. ०१४२००२५८, ४२००२५७
४२००१०५, ४२००२०३
फ्याक्स नं. ०१४२००१०३
Email :- neoc@moha.gov.np
website :- www.drrportal.gov.np
facebook : fb.me/neocofficer
twitter : @NEOCofficial

पत्र संख्या: ०७५।७६
च.नं. २२०

मिति २०७५/१२/२४

विषयः विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको निर्णय सम्बन्धमा ।

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री रक्षा मन्त्रालय ।
श्री परराष्ट्र मन्त्रालय ।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।
श्री उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय ।
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ।
श्री श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय
श्री कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।
श्री महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय ।
श्री वन तथा वातावरण मन्त्रालय ।
श्री अर्थ मन्त्रालय ।
श्री सहरी विकास मन्त्रालय ।
श्री संचार तथा सूचना प्रविधि मन्त्रालय ।
श्री खानेपानी मन्त्रालय ।
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री कृषि तथा पशुपक्षी विकास मन्त्रालय ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ।
श्री युवा तथा खेलकुद मन्त्रालय ।
श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
श्री नेपाली सेना, भद्रकाली, काठमाण्डौं ।
श्री प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं ।
श्री सशस्त्र प्रहरी बल, नेपाल, प्रधान कार्यालय ।
श्री राष्ट्रिय अनुसन्धान विभाग ।
श्री नेपाल राष्ट्र बैंक, थापाथली ।
श्री नेपाल दूरसंचार प्राधिकरण, कमलादी ।
श्री समाज कल्याण परिषद, लैनचौर ।
श्री नेपाल चेम्बर अफ कमर्स, कान्तिपथ ।
श्री नेपाल उद्योग वाणिज्य महासंघ, टेकु ।
श्री नेपाल रेडक्रस सोसाइटी, कालीमाटी

प्रस्तुत विषयमा मिति २०७५/१२/२२ गते माननीय गृहमन्त्रीज्यूको अध्यक्षता बसेको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकबाट गरिएका निर्णयहरु पाना-२ यसैसाथ संलग्न राखी पठाइएको छ । सो सम्बन्धमा तहाँ र मातहतका निकायहरुसँग सम्बन्धित विषयहरु कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ ।

(वेदनिधि खनाल)
उप-सचिव

बोधार्थ
माननीय गृह मन्त्रीज्यूको निजी सचिवालय, गृह मन्त्रालय ।

## मिति २०७५।१२।२२ मा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठक वसी देहाय बमोजिमका निर्णयहरु गरेको छ :

निर्णय नं. १: मिति २०७५।१२।१७ गते साँझको समयमा बारा र पर्सा जिल्लामा आएको हावा हुरीको प्रभाव, यसले पुर्याएको क्षति एवं भएगरेको प्रतिकार्यका बारेमा गृह मन्त्रालयबाट जानकारी गराइयो । यस बारेमा सबै सम्बन्धित पदाधिकारीहरुले पनि आआफ्नो धारणा र पृष्ठपोषण राख्नु भयो । यस दुखद प्रकोपमा परी ज्यान गुमाउने व्यक्तिहरुको आत्माको चीर शान्तिको कामना गर्ने र उक्त हावा हुरीको प्रकोपमा परी घाइते हुनेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।

निर्णय नं. २: मिति २०७५।१२।१७ गते साँझको समयमा बारा र पर्सा जिल्लामा आएको हावा हुरीको प्रकोपमा परी घाइते हुनेहरूको सपुर्ण औषधी उपचारको व्यवस्था गर्ने ।

निर्णय नं. ३: मिति २०७२।१२।१७ गते साँझको समयमा बारा र पर्सा जिल्लामा आएको हावा हुरीको प्रकोपका कारण हुन गएको धनमालको क्षतिको विषयगत र वस्तुगत विवरण सम्बन्धित मन्त्रालय तथा विभागहरुबाट संकलन गरी ५ दिन भित्र गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रमा पठाउने र प्राप्त विवरणको संकलित तथा एकीकृत विवरणको प्रतिवेदन गृह मन्त्रालय, राष्ट्रिय आपत्कालीन कार्यसंचालन केन्द्रले २ दिन भित्र प्रकाशन गर्ने ।

निर्णय नं. ४: बारा र पर्सा जिल्लाको हावा हुरी प्रभावित क्षेत्रमा राहत सामग्रि तथा सेवाको वितरण गर्दा गराउँदा एकद्वार प्रणालीको अबलम्बन गर्ने र उक्त एकद्वार प्रणालिको कार्यान्वयनको नेतृत्व जिल्ला विपद व्यवस्थापन समिति बारा र पर्साले सबन्धित स्थानीय तहसंगको समन्वयमा गर्ने गराउने ।

निर्णय नं. ५: बारा र पर्सा जिल्लाको हावा हुरी प्रभावित क्षेत्रमा प्रभावित समुदायको खोज तथा उद्धारको कार्य सकिएको, १ महिना सम्म हुने शिघ्र पुनःस्थापना गर्नका लागि रक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, नेपाली सेना लगायत सबन्धित निकायले आवश्यक प्राविधिक र व्यवस्थापकीय काम कारवाहीको गृहकार्य गरी नीतिगत र कार्यगत चुश्तताका साथ पुनःस्थापनाको कार्य थालनि गर्ने; यसक्रममा सबन्धित मन्त्रालय तथा विभागहरुबाट प्राथमिकताका साथ आ-आफ्नो कार्यक्षेत्रको काम कारवाही अगाडी बढाउने र सँगसँगै जीविकोपार्जन सहितका पुनर्लाभका कार्यक्रमहरु समन्वयात्मक ढंगले अगाडि बढाउने ।

निर्णय नं. ६: वि. स. २०७५ चैत्र तथा २०७६ सालको वैशाख र पछि हुनसक्ने हावा हुरीको प्रकोपबाट हुनसक्ने क्षति कमगर्न, आगलागिको घटना हुन नदिन र भैहालेमा तत्काल उद्धार, राहत र पुनस्थापना गर्ने गराउनका लागि संबन्धित मन्त्रालय, विभाग, सुरक्षा निकाय, मानवीय क्षेत्रमा क्रियाशिल संघसंस्था, निजी क्षेत्र समेतले प्रभावकारी पुर्वतयारी तथा प्रतिकार्य गर्ने ।

निर्णय नं. ७: २०७६ सालको मनसुनको प्रकोपबाट उत्पन्न हुनसक्ने बाढी, पहिरो, डुवान लगाएतका विपदजन्य अवस्थामा तत्काल उद्धार, राहत र पुनःस्थापना गर्ने गराउनका लागि संबन्धित मन्त्रालय, विभाग, सुरक्षा निकाय, मानवीय क्षेत्रमा क्रियाशिल संघसंस्था, निजी क्षेत्र समेतले ठोस कार्य योजना सहितको पुर्वतयारी गर्ने, गराउने ।

निर्णय नं. ८: विपद् प्रतिकार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने आवश्यक पर्ने खोज तथा उद्धारका सामग्री अत्यन्त न्यून र अपर्याप्त रहेको हुँदा त्यस्ता सामग्री खरिद गरि पूर्वतयारी गर्ने गृह मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरुले अर्थ मन्त्रालयमा बजेट माग गर्ने ।

निर्णय नं. ९: राहतमा तत्काल उपलब्ध गराउनु पर्ने त्रिपाल लगायत अत्यवस्यक सामग्री न्यूनतम् मात्रामा खरिद गरी पूर्वभण्डारण गर्ने वा Stand by Agreement बाट Stand by राख्ने आबश्य ब्यवस्था गृह मन्त्रालयले मिलाउने र सो को लागि केन्द्रीय विपद् व्यवस्थापन कोषमा मौज्दात् रहेको रकम खर्च गरी अनुमोदनको लागि पेश गर्ने निर्देशन दिने ।

निर्णय नं. १०: विपद् ब्यवस्थापनको लागि गृह मन्त्रालय मार्फत केन्द्रिय कोषबाट मिति २०७५।०५।२२ सम्म भएको खर्च/निकासा रु. ५ करोड ९० लाख ५५ हजार अनुमोदन गर्ने ।

निर्णय नं. ११: विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) को दफा ८ (त) बमोजिम "राष्ट्रिय विपद प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संशोधन, २०७५)" स्वीकृत गरिएको छ ।

निर्णय नं. १२: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८ (द) र दफा ४८ ले दिएको अधिकार प्रयोग गरी "आपत्कालीन संचार प्रणालीको तहगत आबद्धता र संचालन मापदण्ड, २०७५" स्वीकृत गरिएको छ ।

निर्णय नं. १३: "विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८" लाई आवश्यक परिमार्जन गरी तयार भएको "विपद् पश्चातको शव व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०६८ (प्रथम संशोधन, २०७५)" विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) को दफा को दफा ५ 'क' बमोजिम राष्ट्रिय परिषदबाट स्वीकृत हुन सिफारिस गर्ने निर्णय गरियो ।

मिति : २०७५।१२।२२

गृह मन्त्री